नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोगका लागि सिफारिस गर्ने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति: २०८२/०५/१६

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८२ बमोजिम मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पु-याउने बालबालिका, युवा तथा अन्य व्यक्तिलाई प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग प्रदान गर्न नेपाल सरकार मातहतका निकाय, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय,शिक्षण संस्था, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका अनुसन्धानमूलक वा प्राज्ञिक संस्था र बालबालिका तथा शारीरिक रूपमा अशक्त प्रतिभाहरूको हकमा निजका आफन्त एवम् निज संलग्न संस्थाहरूबाट मापदण्डको अनुसूची-३ बमोजिमको ढाँचामा आवश्यक कागजातहरू सहित यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १० दिन भित्र यस कार्यालयको निम्न ठेगानामा आइपुग्ने गरी सिफारिस गर्न र सोको एक प्रति स्क्यान गरी pmtalentaward970@gmail.com मा समेत इमेल गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८२ यस कार्यालयको वेवसाइट www.opmcm.gov.np बाट डाउनलोड गर्न सकिनेछ । थप जानकारिको लागि देहायको ठेगानामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।


आवेदन पेस गर्ने र सम्पर्क ठेगाना
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
सामाजिक तथा भौतिक पूर्वाधार विकास महाशाखा
सिंहदरवार, काठमाडौं, फोनः ०१-५९७१०६१
इमेलः pmtalentaward970@gmail.com